**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40hrs** **DATE: 17.12.2025**

आज गान्तोकको रामादा होटलमा राज्यस्तरीय बैंकर्स समिति (एसएलबीसी) सिक्किमले सोरेङ, गेजिङ, नाम्ची, पाक्योङ र मङ्गन जिल्लाका लागि "दावी नगरिएका सम्पत्ति र जम्मा राशी" कार्यक्रम सफलतापूर्वक सुरु गऱ्यो। यो पहलको उद्देश्य राज्यमा सञ्चालित सबै बैंकहरूको समन्वित प्रयासहरूद्वारा नागरिकहरूलाई उनीहरूले दावी नगरिएका वित्तीय सम्पत्तिहरूको पहिचान र दाबी गर्न सहयोग गर्नु हो।

आरबीआई गान्तोक महाप्रबन्धक, गोदा रविशंकरले आफ्नो प्रमुख सम्बोधनमा पहुँच अधिकतम गराउन र दाबी नगरिएका सम्पत्तिहरूको समयमै छिनोफानो गराउनका लागि सबै बैंकहरूलाई सम्पूर्ण जिल्लाहरूमा शिविरहरू आयोजना गर्न र अभियान मोडमा सञ्चालन गर्न आग्रह गर्नुभयो।

आज सोरेङ जिल्लाअन्तर्गत जुम गाउँस्थित माउन्ट सिनाई एकेडेमी विद्यालको रजत जयन्ती समारोह मुख्यन्त्री प्रेम सिंह तामाङको मुख्यआतिथ्यमा भव्यतापूर्वक सम्पन्न भयो। यस अवसरमा श्री तामाङले समाजलाई आकार दिन शिक्षाको महत्वपूर्ण भूमिकामाथि जोड दिनुभयो।

उपस्थित जनसमूहलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले शिक्षा प्रगतिशील, न्यायपूर्ण र समृद्ध समाज निर्माणका लागि सबैभन्दा बलियो आधारशिला भएको बताउनु भयो। उहाँले विद्यालयहरू केवल शिक्षा प्राप्त गर्ने केन्द्रहरू मात्र नभएर मूल्यमान्यताहरूको पालनपोषण गर्ने, चरित्र निर्माण गर्ने र जिम्मेवार नागरिकहरू निर्माण गर्ने संस्थान बन्नु पर्नेबारे जोड दिनुभयो।

माउन्ट सिनाई एकेडेमीको २५औँ वर्षको यात्रालाई प्रकाश पार्दै श्री तामाङले शैक्षिक उत्कृष्टता र मूल्यमा आधारित शिक्षालाई कायम राख्न सफल बनेकोमा संस्थानको प्रशंसा गर्नुभयो। यसै क्रममा श्री तामाङले दुई दशकभन्दा ज्यादा समयदेखि, योग्य र सामाजिक रूपमा जिम्मेवार व्यक्तिहरूलाई आकार दिन माउन्ट सिनाई एकेडेमीले निर्वाह गरेको महत्वपूर्ण भूमिकाको उल्लेख गर्नुभयो।

नाम्चीकी अतिरिक्त जिल्ला पाल (एडीसी) सुश्री तिरसाङ तामाङको अध्यक्षतामा जिल्ला खोप कार्यदल सम्बन्धी सभा आज सम्पन्न भयो। उक्त सभामा आगामी 21 देखि 23 डिसम्बर सम्म नाम्ची प्रशासनिक केन्द्रमा खोप अभियानका सम्बन्धमा आयोजना गरिने राष्ट्रिय खोप दिवस र तीव्र पल्स पोलियो खोपको जिल्ला खोप कार्यदलहरूको उपस्थिति रहेको थियो।

सुश्री तामाङले आफ्नो सम्बोधनमा प्रभावकारी योजना, अन्तर-विभागीय समन्वय र सक्रिय समुदाय सहभागितद्वारा पोलियो शून्य बनाउन सकिने विचार व्यक्त गर्नुभयो।

सभामा सूक्ष्म योजना, बुथ व्यवस्थापन, स्वास्थ्यकर्मी र स्वयंमसेवकहरूको तत्परता, जागरूकता उत्पादन र सहयोगी संयन्त्रहरूका माध्यमले सबै योग्य बालबालिकाहरूलाई पूर्ण रूपले सामेल गरिनेबारे छलफल गरियो।

आज राज्य सरकारका वन तथा पर्यावरण मन्त्री एवम् क्षेत्र विधायक पिन्छो नामग्याल लेप्चाले मंगन जिल्लाअन्तर्गत लिङदोङ बरफोक जीपीयूमा प्रशासनिक केन्द्र उद्घाटन गर्नुभयो।

मन्त्री नामग्यालले प्रशासनिक कार्यक्रमहरू घर-घरमा पुर्याउने कार्यसँगै जनतालाई सेवा दिने पहलमा सुधार ल्याउने उद्देश्यसहित प्रशासनले थालेका कार्यको प्रशंसा गर्नुभयो। उहाँले निर्वाचन क्षेत्रको दीगो विकासका लागि प्रशासन र जनताबीच आपसी सहकारिता हुनेपर्ने विषयमाथि जोड़ दिनुभयो।

सिक्किम सरकार सेवानिवृत्त कर्मचारी कल्याण सङ्गठन पाक्योङ जिल्लाले आज पाकिम राष्ट्रिय पेन्सनर्स दिवस तथा अभिनन्दन समारोह र पिकनिक आयोजना गरेको थियो। कार्यक्रममा लगभग ३७१ सदस्यहरूको सहभागिता थियो।

कार्यक्रममा सेवानिवृत्त राष्ट्रिय पुरस्कार विजेता शिक्षक वाईएस लेप्चा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

सङ्गठन अध्यक्ष कमल काफ्लेले पाकिम जिल्ला सिक्किम सरकार सेवानिवृत्त कर्मचारी कल्याण सङ्गठनबारे बोल्दै यो सङ्गठन एउटा गैर-राजनीतिक संस्था हो, जसले सेवानिवृत्त सरकारी कर्मचारीहरूको कल्याणका लागि विशुद्ध रूपमा काम गर्दछ भन्नुभयो। यसरी नै उहाँले आजसम्म संस्थाले सेवानिवृत्त सरकारी कर्मचारीहरूले सामना गर्ने समस्याहरूलाई उचित समाधानको लागि सरकारसमक्ष पुर्‍याउन सक्दो प्रयास गरिरहेको जानकारी दिनुभयो।

सदस्यहरूले एकअर्कासँग अन्तरक्रिया गर्न र आफ्नो सेवानिवृत्त जीवनबाट आनन्द लिनका लागि आजको कार्यक्रम आयोजना गरिएको, अध्यक्ष काफले बताउनु भयो। ७५ वर्षभन्दा माथि उमेर पुगेका सेवानिवृत्त कर्मचारीहरूलाई अभिनन्दन जनाउन पनि उक्त कार्यक्रम आयोजना गरिएको थियो।

भारतीय रिजर्व बैंक, गान्तोकले 16 डिसेम्बर-का दिन गान्तोकमा सेप्टेम्बर २०२५ मा समाप्त त्रैमासिक सूक्ष्म, साना तथा मझौला उद्यम (एमएसएमई) सम्बन्धी सशक्त समितिको २३ औं सभा आयोजना गर्‍यो। सभाको अध्यक्षता आरबीआई गान्तोकका महाप्रबन्धक तथा प्रभारी गोदा रविशंकरले गर्नुभएको थियो।

श्री रविशंकरले आर्थिक वृद्धि र रोजगारी सिर्जना अघि बढाउन एमएसएमईहरूले खेलेको महत्त्वपूर्ण भूमिकाबारे जोड दिनुभयो। सभाले सिक्किममका एमएसएमई क्षेत्रहरूमा ऋण विस्तार गर्न बैंकहरूको कार्यसम्पादनमाथि विस्तृत समीक्षा गर्‍यो। जुन २०२५ मा समाप्त भएको त्रैमासिकको तुलनामा सेप्टेम्बर २०२५ मा समाप्त भएको त्रैमासिकमा एमएसएमईहरूलाई तिर्न बाँकी रहेको ऋण ११.७५ (11 दशमलभ पच्यात्तर) प्रतिशतले बढेको उल्लेख गरिएको छ। सोही अवधिमा बाँकी रहेका लघु उद्यम खाताहरूको संख्यामा पनि वार्षिक रूपमा बाह्र दशमलभ शून्य छ -को वृद्धि भएको छ।